## ११

*[संवत् २०५८ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री डायमनशमशेर राणालाई र सोही सालको 'मदन पुरस्कार' 'अभिनव संस्कृति कोष' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री हरिराम जोशीलाई समर्पण गर्न संवत् २०५८ साल आश्विन २२ गते रोज ३ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १७२ बाट उद्धृत गरिएको हो।]*

अध्यक्ष महोदय, श्री डायमनशमशेरज्यू, श्री हरिराम जोशीज्यू, डा. वासुदेव त्रिपाठीज्यू, महिला तथा सज्जन वृन्द !

अब आयो मेरो धन्यवाद टक्र्याउने पालो। पोहोर तमतयार भएको बेला त नुन खाएको कुखुराजस्तो भैयाथ्यो। यसपालि म अलि बिसन्चो भएको बखत कस्तो होला। तैपनि म सकभर छोटो प्रयत्न गर्नेछु।

भन्न धन्यवाद मात्र भने पनि गुठीको सदस्य-सचिव भएको नाताले मेरो काम चार भागमा बाँड्नुपर्छ: (१) गुठीको वर्षभरिको कारबाई, (२) पुरस्कार समर्पण प्रथामा अपनाइएका विचारहरू, (३) पुरस्कार घोषणा भएपछि केही स्पष्टीकरण दिनुपर्ने वा भन्नुपर्ने भए ती कुराहरू र अन्त्यमा (४) धन्यवाद। गुठीको कारबाईमा विशेष केही छैन भनूँ। थोर-बहुत भएगरेका कुराहरू वितरित कार्यक्रममा खुलाउने प्रयत्न भएको छ। त्यस्तै पुरस्कार-वितरणमा अपनाइएका सिद्धान्तहरू-तिनमा पनि खास त्यस्तो केही भए जस्तो लाग्दैन। पोहोर पनि केही विस्तारमा भनिएको हो। ती 'कार्यक्रम' मा प्राय: उल्लेखित छन्। पुरस्कार घोषणाको बारे, यो लेखुन्जेलसम्म, सुन्न-पढ्न पाइएका कुरामा मैले खास भन्नुपर्ने केही छैन- सिवाय कि जे भयो राम्रो भयो भन्ने गुणगान र यस सिलसिलामा एउटै कुरो दोहऱ्याएर भए पनि, जोड दिनुपर्ने के छ भने 'मदन पुरस्कार' खास, भनौं निक्खुरा, साहित्य,

जस्तो कि काव्य-कविता, कथा-उपन्यास, समालोचना-समीक्षा, इत्यादि मात्र हैन इतिहास, समाजशास्त्र, विज्ञान आदि र भनौं साहित्येतर विषयमा पनि, नेपालीमा लेखिएको कुनै सारगर्भित गहकिलो विषय छ र हाम्रा परीक्षकका दृष्टिमा त्यसले नेपाली भाषाको श्रीवृद्धिमा गहकिलो योगदान गरेको छ भने पुरस्कार योग्य ठहरिन्छ। यसपालि पनि त्यस्तै भएको छ- सहृदयी विद्वान्-विदुषिहरूबाट त्यो कुरा छिपेको छैन भन्ने लागेको छ।

अब आयो धन्यवादको पालो त्यो त हरेक वर्ष कुनै न कुनै रूपमा नौलो भैहाल्छ। सबभन्दा पहिलो त अग्रपङ्क्तिमा रहनुभयो आजका दुई जना बेहुला- श्री डायमनशमशेर राणा र श्री हरिराम जोशी। 'जगदम्बा-श्री'द्वारा विभूषित, भनौं वयोवृद्ध (कलममा त उहाँ अझै तन्नेरी नै हुनुहुन्छ), गद्याख्यानमा ख्यातिप्राप्त विद्वान्ले हाम्रो पुरस्कार ग्रहण गरिदिएर ठूलो निगाह गर्नुभएको छ, त्यसका निमित्त सहस्र धन्यवाद।

श्री हरिराम जोशीको 'ग्रन्थ' कोष भनेर लेखेको भए पनि शब्दार्थमात्र भएको साधारण कोशभन्दा बिल्कुलै फरक छ- मानौं सनातन हिन्दूधर्मको अत्याधुनिक निघण्टु हो। उहाँको धेरै वर्षको अनुभवको प्रत्यक्षीकरण भएको छ। यस्तो ग्रन्थलाई पुरस्कृत गर्न पाएकोमा हामी आभारी भएका छौं र धन्यवाद टक्र्याउँछौं।

केही वर्ष यता परम्परा नै बसिसकेजस्तो भयो यस समारोहमा एउटा दीक्षान्तभाषणको छोटकरी कार्यक्रम राख्ने। यसपालि त्यसका निमित्त प्रा. डा. वासुदेव त्रिपाठीलाई छानेका थियौं। यहाँहरूले सुनिहाल्नुभयो : हाम्रो छनोट यसपालि पनि खेर गएन। हामी गौरवान्वित भएका छौं। निःस्वार्थ भावले डाक्टरसाहेबले गर्नुभएको अनुग्रहका लागि आभार व्यक्त गर्दै उहाँलाई हामी गुठीको तर्फबाट धेरैधेरै साधुवाद एवं धन्यवाद चढाउँदछौं।

यस सभालाई, यथावत्, बडो छोटो मीठी भावले समाप्त गर्नुभएकोमा हामी अध्यक्ष महोदयलाई,

समारोहमा बेहुलाहरूलाई अघि लगाउने प्रतिष्ठित चारजना विद्वान्हरूलाई, यसमा सधैंझैं आरती स्याउँलीमा मद्दत पुऱ्याउने गृहिणीद्वयलाई,

समारोहको सारा व्यवस्था मिलाउने- रातो बङ्गला स्कूलका कर्मचारी, जगदम्बा प्रेसका केही कर्मचारी र मदन पुरस्कार गुठीका विभिन्न तहका कर्माचारीलाई,

यो समारोह यस्तो चुस्त तरिकाले सञ्चालन गरिदिनुभएकोमा हाम्रा प्रिय साथी दुर्गानाथ शर्माजीलाई र

खानेकुराको व्यवस्था मिलाउने देवीजीलाई पनि धन्यवाद दिनु उचित ठान्दछु।

यसपटक पनि हाम्रा अध्यक्षज्यूले दुइटा किताप उपहार गर्दै हुनुहुन्छ। सो सर्वप्रथम हाम्रा दुई जना ब्यौलाहरूलाई र डा. वासुदेव त्रिपाठीलाई उपहार गर्दै छिन

कुमारी इरा कार्की। तपाईंहरूले पनि जाने वेला एकपटक सो पुस्तक लिएर पाल्नुहोला भन्ने अनुरोध गर्छु। ऐले उपहार गरिने दुई पुस्तकको नाम हो 'महेश प्रसाईंका १०१ प्रश्न कमल दीक्षितसित'। (प्रकाशक-विवेक प्रकाशन) र '...समर्पये' (प्रकाशक : जगदम्बा प्रकाशन)।

अन्त्यमा, यहाँहरू सबै आफ्नो परिवार वा अन्य सबै कुरा बिर्सेर एकछिन भने पनि हाम्रो यो सरस्वती मन्दिरमा पञ्जाल्नुभयो त्यसका लागि जति धेरै धन्यवाद टक्र्याए पनि थोरै नै हुन्छ। यहाँहरू सबैलाई दसैंको हार्दिक मङ्गलमय शुभकामना।

☒ ☒ ☒